"कृषि पर्यटनमा आधारित समृद्ध मोलुङ"

# मोलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्वा, ओखलढुंगा

प.सं.: २०८१/८२ स्था:२०७३ कोशी प्रदेश, नेपाल

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्तै जरुरी सूचना ।

प्रकाशित मिति :२०८१।०४।०३ गते ।

सामाजिक सुरक्षा भत्ता पाउने सम्पूर्ण लाभग्राहीहरुले आगामी आर्थिक वर्ष २०८१।८२ को लागि **२०८१ साल भाद्र मसान्त भित्र** सम्बन्धित वडा कार्यालय मार्फत लाभग्राही व्यक्ति स्वयम् उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउनु हुन अनुरोध गरिन्छ। वालवालिकाको हकमा आमा, वुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले र पूर्ण अपाङ्गता भएका, ९० वर्ष माथि वा अति अशक्तताको कारण आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ५ को उपनियम (२) बमोजिम वा सम्बन्धित वडाको जनप्रतिनिधि/कर्मचारीद्वारा नै सम्बन्धित लाभग्राहीलाई पाएक पर्ने नजिकको स्थानबाट नवीकरण गर्नु गराउनु हुन जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरु :**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- पासपोर्ट साईजको २ प्रति फोटो ( १ प्रति फोटो नवीकरण फाराममा र १ प्रति फोटो परिचयपत्रमा)
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको बैंक खाता नम्वर ।
- अपाङ्गता भएका व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी।
- असहाय एकल महिला (विधुवा) को हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारीस ।
- सम्वन्ध बिच्छेद गरी अर्को विवाह नगरी (६० वर्ष माथि) महिलाको हकमा सम्वन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारीस ।
- ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारीस ।

**नोट :** तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभए प्रणाली मार्फत स्वत: लाभग्राहीबाट लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुन: सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ। सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धि प्राविधिक सपोर्ट चाहिएमा अनलाईन मार्फत कार्यालय समयमा सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखामा सम्पर्क गर्नु हुन सबै वडा कार्यालयलाई जानकारी गराईन्छ ।

***(साथै सम्बन्धित वडा कार्यालयले नवीकरणको लागि पालो प्रणाली अपनाउनु हुन र लाभग्राहीहरुले नवीकरणको लागि वडा कार्यालयले मिलाएको पालो प्रणाली अनुसार तोकिएको मितिमा उपस्थित भएर भाद्र मशान्त भित्र नवीकरण गर्नु गराउनु हुन समेत अनुरोध गरिन्छ ।)***

**बोधार्थ**

श्री सबै वडा कार्यालय, मोलुङ्ग गाउँपालिका,ओखलढुङ्गा । (सूचना बमोजिम गर्नु हुन ।)

श्री सूचना प्रविधि शाखा, (वेबसाईटमा सूचना अपलोड गरिदिनु हुन ।)

२०८१।०४।०३

मदन कुमार के.सी.
एम आई एस अपेटर

मित्रमिन ...
प्रमुख प्रशासकीय अधिकृत